आज मिति २०७८ साल आषाढ महिनाको २८ गते सोमवारको दिन दिउँसो २:०० बजे नलगाड नगरपालिका जाजरकोटका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री सुरेन्द्र सिंह | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १४. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १७. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |

मिति : २०७८।०३।०८ गतेको नगर कार्यपालिकाको वैठकको प्रस्तावहरु

१. नलगाड नगरपालिकाको आर्थिक विधेयक, २०७८ सम्बन्धमा ।

२. आर्थिक वर्ष २०७८।७९ को बजेट बक्तव्य सम्वन्धमा ।

३. नलगाड नगरपालिकाको विनियोजन विधेयक, २०७८ सम्वन्धमा ।

४. नलगाड नगरपालिकाको आ.व. २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रम सम्वन्धमा ।

५. आर्थिक वर्ष २०७८।७९ को बार्षिक विकास कार्यक्रम स्वीकृति गर्ने सम्वन्धमा ।

६. नगर कार्यपालिकाको कार्यालय सञ्चालन गर्ने सम्वन्धमा ।

७. राजश्व खाताको रकम भुक्तानी गर्ने सम्वन्धमा ।

मिति : २०७८।०३।०८ गतेको नगर कार्यपालिकाको वैठकको निर्णयहरु

निर्णय नं. १: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, कर्णाली प्रदेश सरकारको आर्थिक ऐन २०७७, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन लगायतको आधारमा नलगाड नगरपालिकाको अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक नलगाड **नगपालिकाको आर्थिक विधेयक, २०७८** पारित गरि स्वीकृतिको लागि मिति २०७८।०३।०९ गतेको नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २: नलगाड नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय, नलगाड नगर कार्यपालिकाको आर्थिक वर्ष २०७७।७८ को वार्षिक खर्चको विवरण, स्थानीय आवश्यकता तथा प्राथमिकता, विभिन्न विषयगत समितिहरुको सुझावको आधारमा आर्थिक वर्ष २०७८।७९ मा रु. **५६,८६,८४,०००।०** अक्षरुपी छपन्न करोड छयासी लाख चौरासी हजारको बजेट सीमा भित्र रहि वार्षिक योजना तथा कार्यक्रम सहितको **बजेट बक्तव्य** पारित गरि स्वीकृतिको लागि मिति २०७८।०३।०९ गतेको नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, राजनैतिक दल, कर्मचारीहरुको सुझाव, विभिन्न विषयगत समितिहरुको सुझाव, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझाव, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सुझाव, नेपाल सरकारको मार्गदर्शन, कर्णाली प्रदेश सरकारको



प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
( नगर प्रमुख )

मार्गदर्शन लगायतको आधारमा तयार गरिएको **नलगाड नगरपालिकाको विनियोजन विधेयक, २०७८** पारित गरि स्वीकृतिको लागि मिति २०७८।०३।०९ गतेका नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ४:</u> नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट छनौट भएका योजना तथा कार्यक्रम, विभिन्न संघ संस्था, समुह लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायका व्यक्तिहरुको सुझाव, राजनैतिक दल, कर्मचारीहरुको सल्लाह सुझाव, स्थानीय आवश्यकता तथा प्राथमिकता, वडा समितिबाट प्राथमिकिकरणमा परेको योजना तथा कार्यक्रम, विभिन्न विषयगत समितिहरुको सुझाव, नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस लगायतको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७८।७९ को **नलगाड नगरपालिकाको वार्षिक विकास कार्यक्रम** पारित गरि स्वीकृतिको लागि मिति २०७८।०३।०९ गतेको नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ५:</u> नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नलगाड नगरपालिकाको विभिन्न वस्ती तथा टोल स्तरबाट आएको सुझाव, विभिन्न राजनैतिक पार्टी, विज्ञहरु, कर्मचारीहरुको सल्लाह सुझाव, स्थानीय आवश्यकता तथा प्राथमिकता, विभिन्न विषयगत समितिहरुको सुझाव र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस समेतको आधारमा नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को **वार्षिक नीति तथा कार्यक्रम** नगर कार्यपालिकाबाट पारित गरि स्वीकृतिको लागि मिति २०७८।०३।०९ गतेको नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ६:</u> योजना तथा कार्यक्रममा सेवाग्राहीको अत्यधिक चाप र आर्थिक वर्षको अन्त्यलाई मध्यनजर गर्दै योजना तथा कार्यक्रम प्रभावकारी रुपले सम्पन्न गर्नको लागि मिति २०७८।०३।१७ देखि विहान ७:०० देखि वेलुका ७:०० बजेसम्म कार्यालय सञ्चालन गर्ने र नलगाड नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ बमोजिम अतिरिक्त समय भत्ता भुक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं. ७:</u> वैक जमानत वापतको रकम रु. १,४५,०००।० अक्षरुपी एकलाख पैतालिस हजारमात्र नलगाड नगरपालिकाको धरौटी खातामा जम्मा हुनुपर्नेमा आन्तरिक राजश्व खातामा जम्मा भएकोले उक्त रकम आन्तरिक राजश्व खाताबाट संचित कोष खातामा रकमान्तर गरी भुक्तानी दिन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
(नगर प्रमुख)

## मिति : २०७८।०३।२८ गतेको नगर कार्यपालिकाको वैठकको प्रस्तावहरु

१. आयोजनाहरुको म्याद थप गर्ने सम्वन्धमा ।

२. रकमान्तर तथा भुक्तानी सम्वन्धमा ।

३. रकम खातामा भुक्तानी गर्ने सम्वन्धमा ।

## मिति : २०७८।०३।२८ गतेको नगर कार्यपालिकाको वैठकको निर्णयहरु

निर्णय नं. १: नलगाड नगरपालिकाबाट आ.व. २०७७।७८ को आर्थिक वर्षको अन्त्यसम्ममा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएका तपसिल बमोजिमको योजनाहरुको कार्यसम्पन्न नभएको हुदाँ उक्त योजनाहरुको समयावधि तपसिल बमोजिम थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स. | आयोजनाको नाम | सम्झौता अवधि | म्याद थप अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालयको भवन निर्माण योजना वडा नं. ७ | २०७८ आषाढ | ४ महिना | |
| २ | वडा नं. २ को वडा कार्यालय भवन निर्माण योजना | २०७८ आषाढ | ३ महिना | |
| ३ | वडा नं. ५ को वडा कार्यालय भवन निर्माण योजना | २०७८ आषाढ | ३ महिना | |
| ४ | वडा नं. ६ को वडा कार्यालय भवन निर्माण योजना | २०७८ आषाढ | ३ महिना | |
| ५ | वडा नं. ८ को वडा कार्यालय भवन निर्माण योजना | २०७८ आषाढ | ३ महिना | |
| ६ | वडा नं. १२ को वडा कार्यालय भवन निर्माण योजना | २०७८ आषाढ | ३ महिना | |
| ७ | सामुदायिक स्वास्थ्य एकाई भवन निर्माण योजना वडा नं. १३ सिउन | २०७८ आषाढ | ६ महिना | |

निर्णय नं. २: नलगाड नगरपालिकाको लागि आर्थिक वर्ष २०७७।७८ मा विनियोजित सशर्त अनुदानको शिक्षा तर्फको खर्च नभई बचत भएको भौतिक पूर्वाधार निर्माण वजेटबाट रु. ११,००,०००।० अक्षरुपी एघारलाख मात्र बजेट सशर्त अनुदानको लाईव्रेरी स्थापना र आई.सी.टि. स्थापनामा रकमान्तर गरी नलगाड नगरपालिका वडा नं. ३ को श्री सूर्योदय मा.वि.कैनाको आई. सी.टि निर्माण र नलगाड नगरपालिका वडा नं. ४ को श्री भानुभक्त मा.वि. लहँलाई पुस्तकालय स्थापनामा खर्च गर्ने र उक्त सम्वन्धित विद्यालयको खातामा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।



प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
(नगर प्रमुख)

निर्णय नं. ३: नलगाड नगरपालिका भौगोलिक रुपमा विकट तथा कोभिड-१९ को कारणले निर्माण [illegible] समयमा नै उपलव्ध हुन नसक्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट भवन निर्माणको लागि बजेट विनियोजन योजनाहरु निर्माण सम्पन्न हुन नसक्ने भएकोले मिति २०७८।०४।१५ सम्ममा भवन निर्माण सम्पन्न गराउने गरी तपसिल बमोजिमको रकम सम्वन्धित विद्यालयको खातामा जम्मा गर्नको लागि नलगाड नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स. | आयोजनाको नाम | भुक्तानी दिनुपर्ने रु | कन्टिजेन्सी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सूर्योदय मा.वि. कैना भवन निर्माण योजना नलगाड ०३ जाजरकोट । | १७,६४,०००।० | ३६०००।० | |
| २. | श्री भानुभक्त मा.वि. लहँ भवन निर्माण योजना नलगाड ०४ जाजरकोट । | १७,६४,०००।० | ३६०००।० | |
| ३. | श्री वीरेन्द्र हिमालय मा.वि. तल्लुवगर नलगाड न.पा. १२ जाजरकोट | १७,६४,०००।० | ३६०००।० | |
| ४. | श्री जनविकास आ.वि. खगेनकोट नलगाड नगरपालिका वडा नं. ७ जाजरकोट । | १७,६४,०००।० | ३६०००।० | |
| | **जम्मा रकम रु.** | **७०,५६,०००।०** | **१,४४,०००।०** | |

प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
( नगर प्रमुख )

आज मिति २०७८ साल आषाढ महिनाको ०८ गते मंगलवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिका जाजरकोटका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | [signature] | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री सुरेन्द्र सिंह | प्रमुख प्रशासकीय अधिकृत | [signature] | |
| ४. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | [signature] | |
| ५. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | [signature] | |
| ६. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | [signature] | |
| ८. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | [signature] | |
| ९. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | [signature] | |
| ११. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | [signature] | |
| १३. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | [signature] | |
| १४. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | [signature] | |
| १५. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | [signature] | |
| १६. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १७. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | [signature] | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | [signature] | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | [signature] | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |